Ref. N-200/015-17    GoN Registration No. : 01-2070/71

**प्रेस विज्ञप्ती**

## खुला विश्वविद्यालय विधेयक पारित भएकोमा गैरआवासीय नेपाली संघ उत्साहित

गैरआवासीय नेपाली संघले लामो समयदेखि पहल गर्दै आएको खुला बिश्वबिद्यालय स्थापनार्थ नेपालको व्यवस्थापिका संसदले 'नेपाल खुला विश्वविद्यालय विधेयक २०७२' पारित गरेकोमा गैरआवासीय नेपाली संघ हार्दिक स्वागत गरेको छ ।

खुला विश्वविद्यालय स्थापनाका लागि नेपाल सरकार र गैरआवासीय नेपाली संघ बिचमा २०६७ सालदेखि चल्दै आएको सहकार्यलाई एउटा तार्किक विन्दुमा पुर्‍याउन यस बिधेयकले मद्दत गरेको संघले ठहर गरेको छ ।

'बिदेशमा आर्जित सीप र ज्ञानलाई नेपालमा हस्तान्तरण गर्न खुला बिश्वबिद्यालय महत्वपूर्ण माध्यम हुने छ' संघका अध्यक्ष शेष घलेले भन्नुभयो-'हामीले चाहेजस्तो ढाँचामा गैरआवासीय नेपाली संघको प्रतिनिधित्व सुनिश्चित हुनेगरी बिधयेकमा ब्यबस्था नभएपनि यो एउटा राम्रो सुरुवात हो भन्ने लागेको छ ।'

गैरआवासीय नेपाली संघ आफ्ना ६ वटा क्षेत्रीय समितिबाट एक-एक जना प्रतिनिधित्व हुनेगरी बिश्वबिद्यालय सञ्चालक समितिमा ६ जना गैरआवासीय नेपाली राख्न संघले प्रस्ताव गरेकोमा बिधेयकले एकजना महिला सहित जम्मा तीन जना एनआरएनए प्रतिनिधि रहने ब्यबस्था गरेको छ ।

यस्तै गैरआवासीय नेपाली संघले बिश्वबिद्यालय सञ्चालनका लागि आर्थिक सहयोग र साझेदारीको समेत प्रस्ताव गरेको भए पनि बिधेयकले त्यसलाई समेटन नसकेको संघका अध्यक्ष घलेले बताउनुभयो ।

'समितिहरुमा भएको छलफलमा हामीले प्रस्ताव गरेका यी प्राबधानमा सहमति जुटेको थियो, त्यसलाई अगाडी बढाइएको भए खुला बिश्वबिद्यालयमार्फत् नेपालको सीप विकाशमा गैरआवासीय नेपालीको यथेस्ट सहभागिता हुने थियो ।' अध्यक्ष घलेले भन्नुभयो- सानै भूमीका भए पनि गैरआवासीय नेपालीहरुलाई प्राप्त भएको छ, यसैमार्फत् हामीले अधिकतम् कार्यक्षमता र सहभागिता जनाई आगामी दिनमा गैरआवासीय नेपालीको भूमीका बृद्धि गर्न हामी सवैको ध्यान जानुपर्छ ।'

बिधेयक पारित गर्न भूमीका खेल्ने ब्यबस्थापिका संसद अर्न्तगतको महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाजकल्याण समिति, व्यवस्थापिका संसद, नेपाल सरकार, गैरआवासीय नेपाली संघका आभियन्ताहरु तथा यो अभियानलाई सहयोग पुर्याउने क्यानाडा फाउण्डेशन फर नेपाल, अथावाश्का विश्वविद्यालय लगायतका सम्पुर्ण नेपाली तथा विदेशी संघसंस्था तथा व्यक्तिहरु प्रति संघले कृतज्ञता ज्ञापन गरेको छ । खुला बिश्वबिद्यालयलाई स्थापनाका लागि क्यानडा छाडेर अहोरात्र नेपालमा खटनुभएका गैरआवासीय नेपाली डा. प्रमोद ढकाललाई उहाँको समय र निरन्तरको मेहनतप्रतिको उच्च प्रसंसा गर्दै गैरआवासीय नेपालीसंघ हार्दिक धन्यबाद ज्ञापन गर्दछ ।

नेपालका शहरदेखि दुर्गम स्थानका प्रत्येक घर-घर तथा देश-विदेशमा रहेका नेपालीहरुको पहुँचसम्म उच्च स्तरको शिक्षाको अवसर पुर्याउने अभिलाशाका साथ २०६५ साल देखि गैरआवासीय नेपाली संघले उठाएको यो

अभियानलाई २०६७ सालमा संघको ह्युस्टन सम्मेलनले आफ्नो ध्वजाबाहक योजनाका रुपमा अनुमोदन गरेको थियो ।

त्यस पश्चात नेपाल सरकारसँग सहकार्यका लागि गरिएको पहलले मुर्तरुप लिई २०६७ सालमा खुला विश्वविद्यालय अभियानलाई नेपाल सरकार शिक्षा मन्त्रालय र गैरआवासीय नेपाली संघको संयुक्त पहलमा अगाडी बढाउने सहमतिमा हस्ताक्षर भई यो अभियानको काम हुँदै आएको थियो ।

अन्त्यमा, नेपालको सीप विकाशका लागि प्राप्त यो अवसरको सदुपयोग गर्दै आ-आफ्नो क्षेत्रको विज्ञता खुला बिश्वबिद्यालयमार्फत् नेपालमा हस्तान्तरण गर्ने प्रकृयामा सहभागी हुन संघले बिश्वभर छरिएर रहेका गैरआवासीय प्राज्ञिक व्यक्तित्वहरुमा हार्दिक आह्वान गर्दछ ।

रञ्जु थापा,
प्रवक्ता
अन्तर्राष्ट्रिय समन्वय परिषद्,
गैरआवासीय नेपाली संघ ।

मिति : २०७३ असार १७ तद्अनुसार १ जुलाई २०१६